annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १८० पृष्ठ ८ | काठमाडौं, मंगलबार २० कात्तिक २०८१ | कार्तिक शुक्लपक्ष चतुर्थी नेपाल संवत् ११४५ | TUESDAY, NOVEMBER 5, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# अमेरिकी राष्ट्रपतिमा ट्रम्प र ह्यारिसको कडा प्रतिस्पर्धा

अमेरिकामा आज अर्थात् नोभेम्बर ५ तारिखमा राष्ट्रपति चुन्नका लागि अन्तिम मतदान हुँदैछ। अहिले राष्ट्रपतिका लागि रिपब्लिकन पार्टीका तर्फबाट पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प र डेमोक्रयाट पार्टीका तर्फबाट उपराष्ट्रपति कमला ह्यारिस उम्मेदवार छन्। यो समाचार तयार पार्दासम्म दुवैका बीचमा कडा प्रतिस्पर्धा भइरहेको देखिन्छ।



अनिल अधिकारी | *अमेरिका*

– को रिपोर्ट

समाचार पृष्ठ २

अमेरिकी राष्ट्रपतिका चुनावका डाइनामिक्स र चुनावी इपिसेन्टरका नेपालीहरू

– डा. प्रदीप भट्टराई

## उत्तराखण्डमा बस दुर्घटना, ३६ को मृत्यु



**अल्मोडा** (एजेन्सी) : नेपालको सीमावर्ती राज्य भारतको उत्तराखण्डमा भएको बस दुर्घटनामा कम्तीमा ३६ जनाको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन्। उत्तराखण्डको अल्मोडास्थित मार्चुलमा दुर्घटना भएको थियो। बस नैनीडाँडादेखि रामनगर जाँदै गरेको अवस्थामा सडकबाट खोलामा खसेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्। बसमा क्षमताभन्दा बढी यात्रु रहेका थिए। बसमा ३७ सिट थिए। तर बसमा ५० भन्दा बढी यात्रु सवार थिए । घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। तीन जना गम्भीर घाइतेलाई थप उपचारको लागि हेलिकप्टरबाट देहरादुन लगिएको छ।

केन्द्रीय र प्रदेश सरकारले दुर्घटनामा मृत्यु भएका परिवार र घाइते भएकालाई राहतको घोषणा गरेको छ। उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले दुर्घटनामा ज्यान गुमाएकाहरूप्रति दुःख व्यक्त गर्दै मृतकका परिवारलाई राहतस्वरूप ४ लाख रुपैयाँ र घाइतेको उपचारका लागि १ लाख उपलब्ध गराउने घोषणा गरेका छन्।

त्यस्तै, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुर्घटनाका कारण आफ्ना प्रियजन गुमाएकाहरूप्रति समवेदना व्यक्त गरेका छन्। प्रधानमन्त्रीको कार्यालयबाट जारी विज्ञप्तिमा मृतकका परिवारलाई दुई लाख भारतीय रुपैयाँ र घाइतेलाई ५० हजार भारतीय रुपैयाँ सहयोगस्वरूप दिने जनाइएको छ ।

उत्तराखण्डका बीजेपी सांसद अजय भट्टले गम्भीर घाइतेहरूलाई हेलिकप्टरबाट थप उपचारको लागि लगिएको र केही घाइतेलाई काशीपुर र हल्द्वानी पठाइएको जानकारी दिए। उनका अनुसार केही घाइतेको रामनगरमा नै उपचार भइरहेको छ। सत्तारूढ दलका नेता भट्टले घाइतेको उपचारको सबै खर्च सरकारले बेहोर्ने पनि जानकारी दिए। उनी जाँदा त्यहाँ विरोधसमेत भएको थियो। उद्धारको लागि एसडीआरएफ र एनडीआरएफको टोली समयमै घटनास्थल पुगेको उनले बताए।

# कोरला नाकामा चीनको टाइमकार्ड सास्ती

सुन्दरकुमार थकाली | *जोमसोम*



नेपाल–चीन उत्तरी कोरला नाकामा चीन पक्षले नेपाली पक्षका लागि टाइमकार्ड लगाएको छ। उपल्लो मुस्ताङ स्थित–२ गाउँपालिका तथा अन्यले चीनको तिब्बती भूमि लिग्जेमा जान चीन पक्षको समय कार्यतालिकाअनुसार चल्नुपर्ने बाध्यता छ।

गत कात्तिक २७ गते चीन पक्षले कोरला नाकाको तिब्बती भूमि लिग्जेमा नेपाल पक्षका प्रशासनिक तथा जनप्रतिनिधिहरूको उपस्थितिमा तामझामका साथ कोरला नाका खुल्ला गरिएको उद्घोष गरिएको थियो। नाकाको लिग्जेमा चीन पक्षले नेपाल पक्षका नागरिक तथा व्यापारीहरूलाई लक्षित गरी व्यापारिक प्रतिष्ठानसमेत खडा गरेको छ। त्यहाँ पुगेर किनमेल गर्न नेपाल पक्षका नागरिकलाई सुरुवाती चरणबाटै चीन पक्षले टाइमकार्ड लगाउँदै आइरहेको छ।

चीनले लगाएको टाइमकार्डअनुसार प्रत्येक दिन बिहान ९ बजेभित्र चीनको तिब्बती भूमि लिग्जेमा प्रवेश गरिसक्नुपर्छ। उक्त सम भित्र चीनको भूमिमा पसेका नेपाल पक्षका नागरिक दिउँसो ३ बजेपछि मात्रै फर्किन पाउँछन्। जिल्ला प्रशासनले जारी गरेको सीमापार पासका आधारमा चीन पक्षले नाकामा प्रवेश अनुमति दिने गर्छ। यसरी नाकाको गेटमा पास देखाएर प्रवेश गरेका नेपाल पक्षका नागरिकलाई चिनियाँ अध्यागमनमा कडा चेकजाँच गरी प्रवेश गराइन्छ।

बिहान ९ बजे चीनको भूमि लिग्जेमा छिरेका नेपाल पक्षका नागरिकहरू किनमेलको काम सकिए पनि करिब ६ घण्टा बढी त्यही रोकिएर बस्नुपर्ने अवस्था छ। चीन पक्षले प्रत्येक दिन बिहान ९ बजेपछि नेपाल पक्षका नागरिकलाई जिल्ला प्रशासनले वितरण गरेको सीमापास देखाएर जान दिँदैन। नाकाको चीनको भूमि लिग्जेमा तुरुन्तै सामान किनेर फर्किन चाहने नेपाल पक्षका नागरिकलाई यस प्रकारको टाइमकार्डले निकै असहज तुल्याएको छ।

नाकामा चीन प्रवेश गर्न चाहने नेपालीका लागि त्यहाँ कार्यरत चिनियाँ सुरक्षा अधिकारीहरूले कडा सुरक्षा चेकजाँच गर्ने गरेका छन्। नाका छिर्दा दलाई लामाको लकेट भिरेको वा मोबाइल फोनमा दलाई लामाको फोटो भिडियो देखिएमा त्यस्ता व्यक्तिलाई चीनले भित्र जान दिँदैन।

कोरला नाकामा चीनको भूमि लिग्जेमा उपल्लो मुस्ताङका नागरिकले पनि बिहान ९ बजेदेखि ३ बजेसम्म व्यापार व्यवसाय चलाएर बस्छन्। नाकाको नेपाली भूमि कोरलामा एक दर्जन उपल्लो मुस्ताङीले त्रिपाल टाँगेर व्यापार व्यवसाय चलाएका छन्। नाकामा सीमापारि पुगेर नेपाल पक्षका नागरिकले आफ्ना क्षेत्रमा चिनियाँ सामान बिक्री गर्ने गरेको पाइन्छ। नाका अवलोकन गर्ने आन्तरिक पर्यटकहरूले कोरला नाकामा चिनियाँ सामान किन्न पाइने सुविधा छ।

जिल्ला प्रशासन कार्यालय मुस्ताङले उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका करिब २ हजार ५ सय जना नागरिकलाई चीन जाने सीमापार पास वितरण गरिसकेको छ। तल्लो मुस्ताङका केहीले पनि स्थानीय तहको समन्वयमा जिल्ला प्रशासन कार्यालय मुस्ताङले सीमापार पास वितरण गरेको छ। कोभिडको समयमा नेपाल–चीन कोरला नाका लगातार चार वर्षसम्म पूर्ण रूपमा ठप्प थियो।

» बाँकी पृष्ठ ६

## इन्डोनेसियामा ज्वालामुखी विस्फोट हुँदा १० को मृत्यु

**काठमाडौं** (अन्नपूर्ण) : पूर्वी इन्डोनेसियामा ज्वालामुखी विस्फोट हुँदा कम्तीमा १० जनाको मृत्यु भएको छ। अधिकारीहरूका अनुसार प्रभावित क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ।

फ्लोरेसको लोकप्रिय पर्यटक टापुमा अवस्थित माउन्ट लेवोटोबी लाकी-लाकीमा १ हजार ७ सय ३ मिटरको दुइटा ज्वालामुखी विस्फोट भएको एजेन्सीहरूले उल्लेख गरेका छन्।

ज्वालामुखीले जलिरहेको चट्टान घरहरूमा आएपछि उक्त क्षेत्रका बासिन्दाहरू त्रसित भएका छन्। इन्डोनेसियाको विपद् न्यूनीकरण एजेन्सी (बीएनपीबी)का प्रवक्ता अब्दुल मुहारीले पत्रकार सम्मेलनमा मृतकको संख्या पुष्टि गर्दै ज्वालामुखी विस्फोटबाट १० हजार २ सय ९५ जना प्रभावित भएको बताए।

एएफपीले प्रसारण गरेको फुटेजमा ज्वालामुखी नजिकैका घरहरू बाक्लो खरानीले ढाकिएको र केही क्षेत्रमा आगो लागेको देखिएको छ। ज्वालामुखी नजिकै पाँचवटा गाउँ खाली गरिएको र हजारौं मानिस अन्यत्र शरण लिन बाध्य भएका छन्।

# विकास खर्चमा झिनो सुधार

ममता थापा | *काठमाडौं*

विगतका वर्षको तुलनामा चालु आवको पहिलो महिनादेखि साढे तीन महिनासम्ममा सरकारले गर्ने विकास खर्चमा झिनो सुधार भएको छ। सो अवधिमा सरकारले विकास निर्माणको काममा कुल विनियोजित बजेटमध्ये ३२ अर्ब ५६ करोड ५३ लाख रुपैयाँ खर्च गरेको छ। यो वार्षिक पुँजीगत कुल विकास बजेट लक्ष्यको ९.२४ प्रतिशत हो।

अघिल्लो वर्ष काम सम्पन्न भएका पुराना भुक्तानी दायित्वलाई चुक्ता गर्ने काम भएकाले विकास खर्च पनि बढी देखिएको अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराई बताउँछन्। यसरी बजारमा पैसा पनि जाँदा लगानीयोग्य पुँजी (तरलता) पर्याप्त हुन सहयोग पुग्नुका साथै व्यवसायीहरूलाई पनि सहज भएको उनको भनाइ छ ।

उनी भन्छन्, 'यस पटक भुक्तानी सहज गरिनु हो। तर यसबाहेक विगतको तुलनामा अहिले नयाँ अर्थमन्त्री नियुक्त भएपछि कहाँ के भुक्तानी गर्न बाँकी छ र यसलाई भुक्तानीमा सहजीकरण गर्न बढी खटिएको देखेको छु। मैले गरेको २०-२२ वर्षको कार्यानुभवमा देखें।'

यसपटक उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पुँजीगत खर्च गर्ने हरेक मन्त्रालयका मन्त्री र सचिवलाई बोलाएर मन्त्रालयको विषयलाई गहन छलफल गरेर भुक्तानीमा सहजीकरण गरिरहेको प्रवक्ता भट्टराईले जानकारी दिए। 'विशेष गरेर पूर्वाधार मन्त्रालयको मन्त्री र सचिवको टिमसँग बसेर छलफल गरिरहेका छन्। अवस्था के हो र कसरी विकास खर्च तथा भुक्तानीमा बढी चासो दिएका छन्,' प्रवक्ता भट्टराईले अन्नपूर्णसँग भने।

**आव २०८१/८२ मा छुट्ट्याएको बजेट र विकास खर्चको स्थिति (रु. लाखमा)**

| महिना | मासिक खर्च | महिना अन्तिमसम्म (रु लाखमा) | लक्ष्यअनुसार पुँजीगत खर्च स्थिति (प्रतिशतमा) |
|---|---|---|---|
| साउन | ८५,५४८ | ८५,५४८ | २.४३ |
| भदौ | ६३,३९२ | १,४८,९४० | ४.२३ |
| असोज | १,४४,८०६ | २,९३,७४६ | ८.३४ |
| कात्तिक १८ गतेसम्म | ३१,९०७ | ३,२५,६५३ | ९.२४ |
| कुल वार्षिक लक्ष्य | ३,५२३,५४० | | |

सरकारले चालु आवमा ३ खर्ब ५२ अर्ब ३५ करोड ४० लाख रुपैयाँ बजेट विकास निर्माणमा खर्च गर्ने लक्ष्य राखेको छ। जबकि यसअघि सरकारले प्रत्येक वर्ष विकास (पुँजीगत) खर्चमा सुस्तता गरेको भन्दै लक्ष्यभन्दा न्यून खर्च गर्दै आएको थियो। तर यसपटक आर्थिक वर्ष २०८१/८२ को सुरुवाती महिना साउनमा मात्रै सरकारले गर्ने कुल खर्चको लक्ष्यको २.४३ प्रतिशत भएको थियो। जबकि अघिल्लो आवको पहिलो महिनामा कुल वार्षिक लक्ष्यको ०.२७ प्रतिशतमात्रै विकास खर्च भएको थियो। तर चालु आवको हरेक महिना विकास खर्चको प्रवृत्ति क्रमशः बढ्दै गएको महालेखा नियन्त्रकको कार्यालयको तथ्यांकमा देखिन्छ।

साउनपछिको भदौ महिनामा मात्रै ६ अर्ब ३३ करोड ९२ लाख रुपैयाँ विकास खर्च भयो । सो दुई महिनासम्ममा कुल १४ अर्ब ८९ करोड ४० लाख रुपैयाँ खर्च भएको छ। यसपछि असोज महिनामा भने धेरै विकास खर्च गर्न सफल भएको देखिन्छ। सो महिनामात्रै सरकारले विकास निर्माणको काममा कुल विनियोजित बजेटमध्ये १४ अर्ब ४८ करोड ६ लाख रुपैयाँ खर्च गर्‍यो। जस्ले तीन महिनासम्ममा कुल २९ अर्ब ३७ करोड ४६ लाख रुपैयाँ खर्च गर्‍यो। यो कुल विकास खर्च लक्ष्यको ८.३४ प्रतिशत हो। यसपछि कात्तिकको आधा महिनामा मात्रै करिब ३ अर्ब १९ करोड ६ लाख खर्च गरेको छ।

यसअनुसार सरकारले साढे ३ महिनासम्ममा विकास खर्चमार्फत ३२ खर्ब ५६ अर्ब ५३ करोड रुपैयाँबराबरको भुक्तानी गरिसकेको छ। यो कुल बजेट खर्चको ९.२४ प्रतिशत गर्न सफल भएको छ। सरकारले विकास निर्माणका काममा भुक्तानीलाई गति दिएकाले केही सुधार देखिएको अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराई बताउँछन्।

### चालु र वित्तीय खर्च नै लक्ष्यको २३ प्रतिशत बढी

महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार विकास खर्चसँगै हालसम्म चालु र वित्त खर्च गरेर कुल खर्च भने कुल लक्ष्यको २०.५६ प्रतिशत बराबर भएको छ। सरकारले चालु आवमा कुल बजेट विनियोजनमार्फत १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख रुपैयाँबराबर खर्च गर्ने लक्ष्य राखेकोमा कात्तिक १८ गतेसम्ममा ३ खर्ब ८२ अर्ब ५१ करोड ९१ लाख बराबर खर्च गरेको छ। यसअनुसार सरकारको खर्चमध्ये सबैभन्दा बढी चालु खर्चमा छ। यस वर्ष ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख रुपैयाँबराबरको चालु खर्च गर्ने लक्ष्य राखेको सरकारले हालसम्ममा २ खर्ब ६४ अर्ब २५ करोड गरेको छ। यो कुल लक्ष्यको २३.१७ प्रतिशत खर्च गरेको छ।

यता सरकारले बर्सेनि आन्तरिक र बाह्य ऋणको साँवाब्याज भुक्तानीको भार बढ्दै गएकाले वित्तीय व्यवस्थाको खर्चको आकार पनि फराकिलो भएको छ। जसले गर्दा गत आवमा तिर्ने वित्तीय दायित्व बजेटले विनियोजन गरेको लक्ष्यअनुसार धेरै अर्थात् २३.३३ प्रतिशत रकम भुक्तानी गरेर हालसम्म वित्तीय व्यवस्थापन कायम गरेको छ। वित्त व्यवस्थापन शीर्षकमा ३ खर्ब ६७ अर्ब २८ करोड ४५ लाख रुपैयाँ बजेट विनियोजन गरेर सार्वजनिक ऋणको साँवा तथा ब्याजबापतको रकम तिर्ने लक्ष्य लिएको छ ।

यस वर्ष यो अवधिसम्ममा सरकारले राम्रो भुक्तानी गरेको छ। किनभने आर्थिक वर्ष २०८०/०८१ मा वित्त व्यवस्थापनअन्तर्गत ५४ अर्ब ४६ करोड ९९ लाख रुपैयाँ खर्च गरेको थियो। जुन खर्च सो आवको लक्ष्यको १७.७२ प्रतिशत थियो। यसर्थ सरकारले दायित्वमा रहेको खर्चलाई पनि गत वर्षको तुलनामा सुधार गरेको देखिन्छ।

» बाँकी पृष्ठ ६